# फैसला लेखन सम्बन्धी कार्यक्रम सम्पन्न

गुणस्तरीय आदेश र फैसला लेखनको लागि त्यसमा प्रत्यक्ष संलग्न हुने जनशक्तिको क्षमता विकास गर्न विशेष अदालतको आयोजनामा इजलास अधिकृतहरु, फाँट प्रमुखहरु र कम्प्युटर अपरेटरहरुका लागि मिति २०७९।०२।२७ मा एक दिवसीय फैसला लेखन सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको अध्यक्षतामा भएको थियो भने सदस्य माननीय न्यायाधीशहरु, विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री, तथा फैसला लेखनमा प्रत्यक्ष संलग्न हुने विशेष अदालतका इजलास अधिकृतहरु, फाँट प्रमुखहरु र कम्प्युटर अपरेटरहरुको उपस्थिति रहेको थियो।

फैसला लेखन सम्बन्धी कार्यक्रममा विशेष अदालतका सदस्य माननीय न्यायाधीश श्री बलभद्र बाँस्तोलाले फैसला लेखन तथा इजलास व्यवस्थापन सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले फैसला लेखनका सैद्धान्तिक र व्यवहारिक पक्षको विश्लेषण गर्दै फैसला लेखन कार्यलाई प्रभावकारी बनाउनुपर्ने बताउनु भयो। उक्त कार्यक्रममा सदस्य माननीय न्यायाधीश श्री रमेशकुमार पोखरेलले इजलासको व्यवस्थापनमा इजलास अधिकृतको महत्वपूर्ण भूमिका हुने बताउदै कर्मचारीमा अनुशासन र सदाचार महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा समापन मन्तव्य राख्नुहुँदै अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले छिटो फैसला लेख्न सकिएको खण्डमा पक्षले छिटो न्याय पाउने बताउनुभयो । अदालतका काम कारबाही छिटो, छरितो हुँदा जनतामा अदालतप्रतिको विश्वास बढ्न जाने उहाँको विश्वास थियो ।

गुणस्तरीय आदेश र फैसला लेखनका सम्बन्धमा फैसला लेखनमा प्रत्यक्ष संलग्न हुने कर्मचारीको क्षमता विकासको लागि गरिएको फैसला लेखन सम्बन्धी कार्यक्रमले फैसला लेखन कार्य प्रभावकारी तथा छरितो हुने अपेक्षा राखिएको छ ।

मिति: २०७९।०२।२७

शाखा अधिकृत